जगन्नाथ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गुडदी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

9858029330 - गा.पा. अध्यक्ष (Chairman)
9864317961 - नि.प्र.प्र.अ (CAO)
ito.jagganathmun@gmail.com
https://jagganathmun.gov.np

प.स./Letter No.:०८०/०८१
च.नं./Ref. No.: ७६०६०

## छात्रबृत्ति सम्बन्धि सूचना

प्रकाशित मिति २०८१।०३।१०

प्रस्तुत विषयमा जगन्नाथ गाउँपालिकाको दोस्रो गाउँसभा तथा तेहौं अधिवेशनले चालु आर्थिक बर्ष २०८०।०८१ को बार्षिक बजेट, नीति तथा कार्यक्रममा प्राविधिक शिक्षा अध्ययन गरिरहेका दलित र बिपन्न लक्षित छात्रबृत्ति वितरणका लागि जगन्नाथ गाउँकार्यपालिकाको मिति २०८१।०३।१० गते बसेको कार्यपालिका बैठकको निर्णय अनुसार मिति २०८१।०३।१० गते देखि लागु हुने गरी ७ (सात) दिनेको म्याद राखी सूचना प्रकाशन गर्ने निर्णय भएको हुँदा कार्यालयबाट उपलब्ध गराईएको छात्रबृत्ति प्राप्त गर्नका लागि ७ (सात) दिन भित्र जगन्नाथ गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखामा आवेदन दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएकोछ।

**तपशिल**

(क) जगन्नाथ गाउँपालिकामा स्थायी बसोबास भएका यस जिल्ला वा अन्य जुनसुकै जिल्लामा नियमित अध्ययनरत छात्रा/छात्रहरु मात्र हुनुपर्ने छ।

(ख) सामुदायिक विद्यालयबाट S.L.C., S.E.E., T.S.L.C. पास गरी तिन बर्षे डिप्लोमा/प्रविणता प्रमाण पत्र र स्नातक वा सो सरहको निम्न बिषयमा अध्ययनरत छात्र /छात्रालाई मात्र उपलब्ध गराईनेछ।

(ग) पिसिएल नर्सिङ्ग, एच.ए.,ओभर सियर, फार्मेसी, ल्याव टेक्नीसियन, रेडियो ग्राफर, कविराज, नेत्र सहायक ,बालीविज्ञान, पशुबिज्ञान, बागवानी बिज्ञान, एम.वि.वि.एस., वि.पि.एच., वि.एन., ईन्जिनियरिङ्ग, सुचना प्रविधि र वनबिज्ञान अध्ययनका गरिरहेका वालवालिकाहरुलाई दलित, विपन्न जेहेन्दार छात्रबृत्ति उपलब्ध गराइनेछ ।

(ग) अघिल्ला आर्थिक बर्षहरुमा गाउँपालिकाबाट प्राविधिक र विपन्न लक्षित छात्रबृत्तिं प्राप्त नगरेका छात्रा/छात्रहरु।

(घ) अध्ययनरत संस्थाबाट अन्य कुनै छात्रबृत्ति प्राप्त नगरेको सिफारिस।

(ङ) सामुदायीक शिक्षण संस्थामा प्रविणता र स्नातक तहमा अध्ययन गरिरहेको हुनु पर्ने।

(च) अध्ययनरत वालवालिका कुनै पनि प्रकारका सरकारी, अर्धसरकारी, निजि, संघ संस्थामा स्थायी, अस्थायी वा करारको नोकरीमा कार्यरत नभएको।

**आवेदन फारामका साथ पेश गर्नु पर्ने कागजातहरु :**

१) जगन्नाथ गाउँपालिकाको स्थायी बासिन्दा हो,भनि सम्बन्धित वडाको सिफारिस पत्र।
२) शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपी (क) उतिर्ण तहको लब्धाङ्क पत्र (ख) चारित्रिक प्रमाणपत्र (ग) नेपाली नागरिकताको प्रमाणपत्र र नागरिकता नभएको हकमा जन्मदर्ताको प्रमाण पत्र
३) अध्ययनरत शिक्षालयले उक्त संस्थाबाट छात्रबृत्ति नपाएको भनि स्पष्ट खुलाएको सिफारिस पत्र।
४) अपाङ्ग र दलितको हकमा सो प्रमाणित गर्ने प्रमाण पत्र।
५) अध्ययनरत शैक्षिक संस्था सामुदायिक सरकारी हो भनि, सोही संस्थाले प्रमाणित गरेको कागजातहरु ।
६) खाता रहेको बैंकको चलन चल्तीको चेकबुकको प्रमाणित फोटोकपी।
७) थप जानकारी जगन्नाथ गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद विकास शाखाबाट प्राप्त गर्न सकिनेछ।

नोट : शाखा प्रमुख जय बहादुर साँउद सम्पर्क नं ९८४८४११७१७

रबिन्द्र बहादुर शाही
नि.प्रमुख प्रशासकिय अधिकृत

"'व्यवसायिक र सिर्जनशिल प्रशासन: विकास. समद्धिर सशासन'"